विनयी त्रिबेणी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्या : ७ मितिः २०८१/११/११ आइतवार

## भाग - २

## विनयी त्रिवेणी गाउँपालिका

**विनयी त्रिवेणी गाउँपालिका नेपालको संविधान बमोजिम विनयी त्रिवेणी गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको**

# "मेला महोत्सव प्रर्दशनी व्यवस्थापन (संचालन) कार्यविधि, २०८१"

**सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०८१/११/११**

# मेला महोत्सव प्रर्दशनी व्यवस्थापन (संचालन) कार्यविधि,२०८१
## कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/११

**पृष्ठभूमी :**

विनयी त्रिवेणी  गाउँपालिका भित्र विभिन्न उद्देश्यका साथ संचालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्धेश्यलाई मूर्तरुप दिने कार्यमा सहयोग पुर्याई  दर्शक तथा स्रोता मैत्री ढंगबाट मेला महोत्सव संचालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## प्रारम्भीक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "मेला महोत्सव प्रर्दशनी व्यवस्थापन (संचालन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि विनयी त्रिवेणी  गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा :**

(१) **"मेला महोत्सव"** भन्नाले विनयी त्रिवेणी  गाउँपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा १ दिन वा १ दिन भन्दा बढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ।

(२) **"मूल आयोजक"** भन्नाले मेला महोत्सव संचालन गर्न गाउँपालिकाबाट अनुमति प्राप्त संस्था र कार्यालयलाई जनाउने छ।

(३) **"गाउँपालिका"** भन्नाले विनयी त्रिवेणी  गाउँपालिका गाउँ कार्यपालिकाको

कार्यालय, दुम्किबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)लाई जनाउने छ।

(४)"विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत (व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी ) क्षेत्रमा काम गर्ने उद्देश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ।

**३. यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ।**

- गाउँपालिका भित्र संचालन हुने मेला महोत्सव संचालन गर्न सम्वन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने।
- मेला महोत्सवको उद्धेश्य पूरा गराउन आवश्यक सहजीकरण गर्ने।
- मेला महोत्सवलाई व्यवस्थित गर्ने।
- गाउँपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रर्वद्धनमा सहयोग पुर्याउने।

## परिच्छेद २

## मेला महोत्सव संचालन अनुमति प्रदान विधि

**४. मेला महोत्सव संचालन गर्न गाउँपालिकाको अनुमति लिनु पर्नेः**

(१) प्रत्येक आर्थिक वर्षमा विनयी त्रिवेणी गाउँपालिका भित्र मेला महोत्सव लगाउन चाहने संस्था वा समितिले गाउँपालिकामा अनुसूचि १ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित प्रस्तावक संस्थाका निम्न कागजात सहित आवेदन पेश गर्नु पर्नेछ।

(क) संस्था दर्ता प्रमाण पत्र र नविकरण सहित।

(ख) संस्थाको विधानको प्रतिलिपि।

(ग) लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र / कर बुझाएको रसिद प्रतिलिपी।

(घ) मेला महोत्सव संचालन हुने वडा कार्यालयको सिफारिस पत्र।

(२) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई दफा ७ बमोजिमको मेला व्यवस्थापन समिति द्वारा गठित मूल्याङ्कन समितिले अनुसूचि २

बमोजिमको मापदण्डका आधारमा मूल्यांकन गरि मेला व्यवस्थापन समिति समक्ष पेश गर्ने छ। मूल्यांकन समितिको सिफारिसका आधारमा व्यवस्थापन समितिले तोके बमोजिमको शर्त राखी मेला महोत्सव संचालन अनुमति अनुसूचि ३ को ढाँचामा गाउँपालिकाले दिनेछ।

(३) प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा वढीमा १ वटा भन्दा बढी मेला महोत्सव संचालन गर्न गाउँपालिकाले अनुमति दिने छैन। तर नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो दफा लागू हुने छैन।

(४) चालू आ.व.मा समेत यो कार्यविधि लागू भएपछि १५ दिनको समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्ने अवसर दिइनेछ। प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरि वढीमा १ वटा मेला महोत्सव संचालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ। गाउँपालिकाबाट चालू आ.व.मा मेला संचालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ।

(५) मेला महोत्सव संचालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानका बारेमा गाउँपालिकाले संभाव्यता अध्ययन गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ।

(६) २ दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजिमको शर्त राखी गाउँपालिकाले अनुमती दिनेछ।

## ५. मूल आयोजकले धरौटी राख्नु पर्ने :

मेला महोत्सवको उद्धेश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लिखित अपेक्षित रकमको कम्तीमा ५ प्रतिशत रकम गाउँपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ। अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.५०,०००। (पचास हजार मात्र) मा नघट्ने गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके बमोजिमको धरौटी राख्नु पर्नेछ। सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्धेश्य अनुसारको कार्य गर्न थालनी भए पछि गाउँपालिकाले धरौटी फिर्ता दिनेछ। मेला महोत्सव

संचालन अनुमति प्रदान गर्दा गाउँपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम गाउँपालिकाले जफत गर्न सक्नेछ । लक्ष्य अनुसारको आर्थिक संकलन गरि उद्धेश्य अनुसारका काम गर्ने मूल आयोजकलाई गाउँपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

**६. व्यवसाय कर तथा मनोरञ्जन कर :**

मेला महोत्सवमा रहने व्यवसायिक स्टलहरुले व्यवसायको किसिम बमोजिम अनुसूचि ४ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मूल आयोजक मार्फत गाउँपालिकालाई बुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ हप्ता भित्र गाउँपालिकामा दाखिला गर्नु पर्नेछ । गैर व्यवसायिक सन्देशमूलक स्टलहरुका हकमा गाउँपालिकाले छुट दिन सक्नेछ । यसरी संकलित कर गाउँपालिकाले मेला महोत्सव प्रर्वद्धन कोषमा छुट्टै जम्मा गरि सोही प्रयोजनमा मात्र खर्च गर्नेछ।

## परिच्छेद-३
## मेला महोत्सव व्यवस्थापन समिति

**७. मेला महोत्सव व्यवस्थापन समितिको गठन :**

(१) मेला महोत्सव व्यवस्थापन समिति निम्नानुसार रहनेछ ।

संयोजकः गाउँपालिका अध्यक्ष
सदस्यः गाउँपालिका उपाध्यक्ष
सदस्यः प्रमुख प्रशासकिय अधिकृत
सदस्यः इलाका प्रहरी कार्यालय प्रमुख, दुम्किबास
सदस्यः सम्बन्धित वडाको वडा अध्यक्ष
सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख
सदस्यः योजना तथा पूर्वधार विकास शाखा प्रमुख
सदस्यः राजश्व शाखा प्रमुख

सदस्यः नगरी प्रहरी प्रमुख

सदस्यः सचिवः प्रशासन शाखा प्रमुख

(२) मेला महोत्सवको प्रकृति अनुसार सो सम्वन्धी व्यवसायिक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकायका प्रमुखलाई आवश्यकताका आधारमा समितिको वैठकमा अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

(३) मेला महोत्सव व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार नियमानुसार हुनेछ ।

(क) मेला महोत्सव संचालन गर्न अनुमति प्रदान गर्ने ।

(ख) सम्झौताका शर्त वमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त वमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

(ग) मेला महोत्सवको उद्धेश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजकलाई उद्धेश्य अनुसारका कार्य गर्न लगाउने ।

(घ) आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्ताव मूल्यांकन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकि व्यवस्थापन एवम् अनुगमनको कार्य गराउने ।

(ङ) मेला महोत्सव संचालनका क्रममा देखा पर्ने सुरक्षा संवेदनशिलताका वारेमा जिल्ला सूरक्षा समितिसंग परामर्श लिने ।

(च) कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वय गरी मेला महोत्सव स्थगत वा बन्द गर्ने ।

(४)मुल्यांकन समितिः मुल्यांकन समिति देहाय बमोजिमको हुनेछ :

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत - | संयोजक |
| योजना तथा पूर्वधार विकास शाखा प्रमुख- | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख- | सदस्य |
| राजश्व शाखा प्रमुख- | सदस्य |
| प्रशासन शाखा प्रमुख- | सदस्य सचिव |

आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ४
## मूल आयोजकले पालना गर्नु/गराउनुपर्ने शर्तहरुः

**८. दर्शक तथा सम्पत्ति वीमा दर्शक सूरक्षा व्यवस्थापन :**

(१) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पूर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य वीमा गर्नुपर्नेछ।

(२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ।

**९. खानेपानी तथा फोहर मैला व्यवस्थापन :**

(१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ।

(२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नु पर्ने छ, धुलो रहित बनाउन समय समयमा पानी अनिवार्य छर्कनुपर्नेछ।

(३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ जथाभावी बगाउन पाइने छैन।

(४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ।

(५) मेला महोत्सव समाप्ती पश्चात सामग्री उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाई गर्नु पर्नेछ।

(६) स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरी सम्याउनुपर्नेछ। मेला महोत्सवको सम्पूर्ण सामग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १५ दिन अगाडी सामाग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइनेछ।

(७) ध्वनि व्यवस्थापनः मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरि माइक (हर्न) लगाउन पाइने छैन। मेला महोत्सव भित्र मात्र सुन्न सकिने

गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

(८) स्थानीयलाई प्राथमिकता: मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयलाई प्राथमिकता दिनुपर्नेछ ।

**१०. अनुमति बेगरका काम गर्न नहुने :** मेला महोत्सव व्यवस्थापन समितिद्धारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**११. स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापन :**

(१) मेला महोत्सबमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा वमोजिम गर्नुपर्नेछ:

(क) सूचना एवम् सन्देशमूलक प्रर्दशनीका लागि न्यूनतम् १० प्रतिशत

(ख) गण्डकी प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि स्टल न्यूनतम् २० प्रतिशत

(ग) विनयी त्रिवेणी  भित्रका व्यवसायिका लागि स्टलमा न्यूनतम् ३० प्रतिशत

(घ) नयाँ प्रविधि प्रर्दशन एवम् बिक्री स्टल न्यूनत्म २० प्रतिशत

(ङ) सबै व्यवसायिकका लागि खुल्ला स्टल २० प्रतिशत

(२) स्टलहरु मध्ये दफा १२ १(क) उल्लेखित स्टलमा न्यूनतम् ४० प्रतिशत, १(ख) मा उल्लेखित स्टलका लागि २५ प्रतिशत र १(ग) मा उल्लेखित स्टलका लागि न्यूनतम् १० प्रतिशत तोकिएको भाडामा छुट दिनेगरि बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) दफा १२ उपदफा १ वमोजिम वितरण गरिएका कोटा वमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्. खुल्ला गरे पश्चात बाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरु आइ व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

**१२. प्राथमिक उपचारको व्यवस्था :** मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. जुवा, तास लगायत कानून बमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन ।**

**१४. मदिरा तथा धुम्रपान निषेधः** मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र बिक्री वितरण गर्न गराउन पाइने छैन।

**१५. राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आँच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।**

**१६. स्थानीयतालाई प्राथमिकता :** मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानीय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

**१७. मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी वढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।**

**१८. आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने :** मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन गाउँपालिकामा बुझाउनुका साथै पत्रकार सम्मेलन गरि आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

**१९. मेला महोत्सव व्यवस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमनका लागि गाउँपालिकावाट खटिएको टोली वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ । अनुगमनका क्रममा सम्झौता बमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेका वा कुनै कमी कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलिले दिएको सुझाव पालना गर्नुपर्नेछ । पालना नगरेमा तोकिए बमोजिमको दण्ड जरिवाना हुनेछ ।**

## परिच्छेद ५
## विविध

**२०. मूल आयोजक बन्न सक्ने आवेदकहरु :**

(१) देहायका संघ संस्थाले मूल आयोजक बन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागि विषयगत व्यवसायिहरुको छाता संघ/ संगठनहरु ।

ख) धार्मिक, सांस्कृतिक महोत्सवका लागि धार्मिक तथा सामाजिक संघ संस्थाहरु ।

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकुद तथा अन्य विषयगत मेला महोत्सवका लागि विषयगत संघ संस्था तथा उत्पादकहरु ।

(२) प्रस्तावक संस्थाहरुको विधानमा सम्बन्धित विषयमा प्रर्वद्धन गर्ने उद्धेश्य प्रष्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) माथि जे सुकै उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयुक्त रुपमा आयोजक बनी आ-आफ्ना उद्धेश्य अनुसारका मेला महोत्सव संचालन गर्न पाउनेछन् ।

(४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन ।

**२१. आवेदकले देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।**

(क) नियमानुसार संस्था दर्ता र नविकरण भएको संस्था हुनुपर्ने ।

(ख) नियमित लेखापरिक्षण र कर चुक्ता गर्ने गरेको ।

**२२. गाउँपालिकासँग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव संचालन गर्न गाउँपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर गाउँ कार्यपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ ।**

**२३. टिकटदर निर्धारण:**

(१) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपांङ्ग र विद्यार्थीका

लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकवाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ।

(२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकूद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिकत्तम दर निम्नानुसार मनोरञ्जन समय सिमाका आधारमा हुनेछ।

(क) ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिकत्तम रु. २०।- सम्म

(ख) १५ मिनेट सम्म मनोरञ्जन हुनेमा अधिकत्तम रु. ३०।-

(ग) ३० मिनेट सम्म मनोरञ्जन हुनेमा अधिकत्तम रु. ५०।-

(घ) ३० मिनेट भन्दा वढी समयको मनोरञ्जन हुनेमा अधिकत्तम रु.१००सम्म

(३) सामान्यतया मनोरञ्जन कर वाहेक प्रवेश शुल्क दर रु.३०।- हुनेछ।

(४) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला महोत्सव व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

**२४. मेला महोत्सवको अवधि :**

(१) धार्मिक र खेलकुद मेलामहोत्सव वाहेक अन्य प्रकृतिका व्यवसायिक स्टलहरु राखी गरिने मेला महोत्सवको अनुमति अधिकतम ९ दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयुक्त कारण सहित सूरक्षा निकायको सहमति सहित निवेदन दिएमा व्यवस्थापन समितिले म्याद थपको कारण मनासिव देखेमा ३ दिन सम्म म्याद थपको अनुमति गाउँपालिकाले दिन सक्नेछ।

(२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साझ ९:३० बजे सम्म र अन्य व्यवसायिक स्टल तथा मनोरंजनात्मक एवम् सांगीतिक कार्यक्रम हुने मेलाको हकमा विहान १२:०० बजे देखि सांझ ६ वजे सम्म हिँउदमा र अन्य समयमा सांझ ७:३० बजे सम्म मेला महोत्सव संचालन गर्न पाइनेछ।

(३) धार्मिक तथा सांस्कृतिक, खेलकुद र व्यवसायिक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा

सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

**२५. दण्ड जरीवाना :**

मुल आयोजक समितिले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा गाउँपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ।

(१) कानून विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु. १००००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ।

(२) ध्वनी प्रदुषण वा वातावरण प्रदुषण गरेमा रु. ५०००।- र बातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ।

(३) अनुगमन टोलीको सुझाव पालना नगरेमा रु ५०००। जरिवाना र ३ पटक भन्दा वढी पटक गल्ती दोहोराएमा मेला संचालनमा रोक लगाइनेछ र उक्त संस्थालाई ५ वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ।

(४) तोकिएको समयसिमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु. २५०००।- का दरले जरिवाना लाग्नेछ।

**२६. प्रचलित कानून वमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

**२७. वाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय वमोजिम हुनेछ।

# अनुसूचि १
## (दफा ४ (१) सँग सम्बन्धित)
## आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम विषयहरु

१. आवेदक संस्थाको परिचय

नाम, दर्ता, नविकरण, उद्धेश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनिय काम।

२. मेला महोत्सवका विषयमा

मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्धेश्य, पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

३. मेला महोत्सवको आर्थिक पक्ष

मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र, टिकट दर, टिकटमा विशेष छुट नीति ।

४. मेला महोत्सवको व्यवस्थापन पक्ष

व्यवसायिक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमूलक स्टल के के रहने ? व्यवसायिक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।

दर्शक मैत्री नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदि) के के छन् ।

स्टलहरु रहने भएमा वितरण नीति ।

५. मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।

६. मेला महोत्सव संचालन पछि देखिने उपलब्धी ।

# अनुसूचि २
## (दफा ४ (२) सँग सम्बन्धित)

**मूल आयोजक छनौटका लागि मूल्यांकन आधारहरु**

१. संस्थाको प्राथमिकीकरण (दर्ता मितिका आधारमा)

२. संस्थाको वैधानिकता (नियमित नविकरण, साधारण सभा आदि भएको)

३. मेला महोत्सवले विनयी त्रिवेणीको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक आदि प्रर्वद्धनमा हुने योगदान। (विनयी त्रिवेणीलाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४. मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने)

५. मेला महोत्सववाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र। (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६. हालसम्म मेला महोत्सव संचालन गर्ने अवसर पाए नपाएको। (नपाएकालाई प्राथमिकता दिइने)

७. विगतमा मेला महोत्सव संचालनवाट संकलित रकमको सदुपयोग अवस्था। (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने)।

# अनुसूचि ३
## (दफा ४ (२) सँग सम्बन्धित)

मेला महोत्सव संचालन अनुमतिको ढाँचा

विनयी त्रिवेणी  गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

विषय : मेला महोत्सव संचालन अनुमति पत्र ।

श्री.........................

त्यस संस्थाले यस गाउँपालिका क्षेत्र भित्र मेला महोत्सव संचालनका लागि यस गाउँपालिकावाट अनुमति माग गरेको सन्दर्भमा यस गाउँपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८१ को दफा ४ वमोजिम यस संस्थालाई सोही कार्य विधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरी निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव संचालन गर्न मिति २०....।.....। गते बसेको मेला महोत्सव व्यवस्थापन समितिको बैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

**निम्नानुसार :**

मेला महोत्सवको नाम ..................................................

मेला संचालन हुने मिति ..............देखि................. सम्म ।

समय : प्रत्येक दिन बिहान..... बजे देखि.............. वजे सम्म ।

स्थान :..............

अनिवार्य पालना गर्नु पर्ने शर्तहरु

कार्यविधिको दफा ८ देखि २० उल्लेखित बुँदाहरु

कार्यविधिको दफा २४

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## अनुसूचि ४
## (दफा ६ सँग सम्बन्धित)

मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायिहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

क) व्यवसायिक फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रका लागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत ।

..................

आज्ञाले

सुमन पण्डित

प्रमुख प्रशासकीय अधिकृत